# बराहक्षेत्र नगरपालिकाको बालसंरक्षण नीति-२०७६

## १.प्रस्तावना :

बराहक्षेत्र नगरपालिका बालबालिकाको हितको काममा सधैं समर्पित छ । आजका बालबालिकालाई उचित वातावरण दिएर हुर्काउन सकियो भने मात्र भोलिका सशक्त र जिम्मेवार नागरिक बनाउन सकिन्छ भन्ने कुरामा विश्स्त छ । त्यसैले बालबालिकालाई संभावित हानीबाट संरक्षण प्रदान गर्दै आधारभूत अधिकारहरू सुनिश्चित गर्न र सुरक्षित रूपमा हुर्किन पाउने वातावरण सिर्जना गर्नका लागि स्थानीय सरकारको हैसियतले बराक्षेत्र नगरपालिकाले बालसंरक्षण नीति बनाई लागू गरेको छ । बालबालिका सम्बन्धी ऐन २०७५ ले दिएको अधिकार प्रयोग गरी बराहक्षेत्र नगरकार्यपालिकाको मिति २०७६।१०।२३ को बैठकबाट यो बाल संरक्षण नीति २०७६ पारित गरी लागू गरिएको छ ।

## .खण्ड एक

## नाम र परिभाषा

२. यो बाल संरक्षण नीतिको नाम : **बराहक्षेत्र नगरपालिकाको  बाल सरक्षण नीति २०७६** रहनेछ । यो नगर कार्यपालिकाले अनुमोदन गरेपछि तुरुन्त लागू हुनेछ ।

३. यस बाल संरक्षण नीतिमा निम्न शब्दको निम्म्नानुसार परिभाषित गरिएको छ ।

**क.बालबालिका :** बालबालिका भन्नाले १८ वर्षभन्दा कम उमेरका मानव हुन् ।

**ख. बाल संरक्षण नीति** : बाल संरक्षण नीति भन्नाले यस बराक्षेत्र नगरपालिकाले बनाई लागू गरेको बालसंरक्षण नीति २०७६ लाई सम्झिनुपर्दछ ।

**ग. कर्मचारी** : कर्मचारी भन्नाले यस नगरपालिकामा कार्यरत प्रमुख प्रशासकयि अधिकृत, अधिकृतहरू, तथा अन्य कर्मचारीहरू तथा करार वा स्यमसेवकका रुपमा नियुक्त भई काम गर्ने व्यक्तिलाई सम्झिनुपर्दछ ।

**घ. बालसंरक्षण अधिकारी** : बाल संरक्षणको मुद्दा हेर्न तोकिएको कर्मचारी वा जनप्रतिनिधिलाई बालसंरक्षण अधिकारी भनिन्छ । बालकल्याण अधिकारी नियुक्त भएको अवस्थामा उनलाई नै बालसंक्षण अधिकारी तोकिनेछ ।

**ङ.गुनासो सुनुवाइ कमिटी :** गुनासो वा उजुरी सुनेर सम्बोधन गर्नका लागि गठित समिति लाई जनाउँछ । यो शब्दले नेपाल सरकारबाट जारी गुनासो सुनुवाई सम्बन्धी कार्यविधि २०७४ को भावना अनुसार गठित समितिलाई जनाउनेछ ।

**च. बालसंरक्षण :**बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पार्ने खालका कार्य वा व्यवहारबाट

उनीहरूलाई जोगाउनु नै बालसंरक्षण हो । बालसंरक्षणलाई उपेक्षा, हिंसा, दुर्व्यवहार, शोषण, बेचविखन, ओसारपसार र यातनाबाट बालबालिकालाई जोगाउनु हो ।

**छ.भेदभाव :** बालबालिकामाथि उसका बाबुआमा, अभिभावकको वा परिवारको आर्थिक वा सामाजिक हैसियत, वर्ग, जातजाति, लिङ्ग, भाषा, धर्म, राजनीतिक आस्था वा अन्य विचारहरू, जातीय वा सामाजिक उत्पति, सम्पति, अशक्तता, जन्म वा अन्य हैसियत लगायतका आधारमा भिन्न तथा फरक प्रकारको असमान व्यवहार गर्नु भेदभाव हो ।

**ज.दुर्व्यवहारः** बालबालिकाको शारीरिक, मानसिक वा बौद्धिक, भावनात्मक वा संवेगात्मक र सामाजिक विकासमा तत्काल वा दीर्घकालीन रूपमा आघात पुऱ्याउने नकारात्मक व्यवहार वा क्रियाकलापहरूलाई बाल दुर्व्यवहार भनिन्छ ।

**झ.यातना वा हिंसाः** यातना भन्नाले कुनै पनि कार्य जसले कुनै पनि बालबालिकाबाट आफ्नो वा तेस्रो व्यक्तिका बारेमा सूचना वा सहमति पाउने उद्देश्यका साथ उसलाई शारीरिक वा मानसिक पीडा वा भोगाइ नियतपूर्वक दिइने कार्यलाई बुझाउँछ। कुनै पनि व्यक्ति, समूह, समाज, राज्य, धर्म, संस्कृतिद्वारा बालबालिकामाथि शारीरिक र मानसिक क्षति पुग्ने गरी/ गराएको व्यवहार व्यक्ति विरुद्धको हिंसा हो । घरभित्र अर्थात आफ्नै परिवारका सदस्यबाट गरिने हिंसा घरेलु हिंसा हो ।

**ञ.बाल यौनशोषण :**बाल यौनशोषण भनेको वयस्कहरूले आफ्नो यौन तृप्तिका लागि बालबालिकाको दुरूपयोग गरेको अवस्था हो । कानुनले निषेध गरेको यौनसम्बन्धी पेशा, व्यवसाय तथा कार्यमा बालबालिकालाई लगाएमा त्यस किसिमको अपराधलाई बाल यौनशोषण भनिन्छ ।

**ट. बेवास्ता वा उपेक्षा वा हेलचेक्र्याइँ :** बालबालिकालाई लगातार रूपमा वा गम्भीर किसिमले ठण्डी, भोकमरी वा अन्य कुनै खतराको जोखिम भएकोअवस्था थाहा पाएर पनि बेवास्ता गरी छोड्नु तथा स्याहारसुसारको महत्वपूर्ण पक्षमा गम्भीर त्रुटि गरेको कारणले उसको स्वास्थ्य तथा विकासमा सोचनीय समस्या आउनुलाई बेवास्ता वा हेलचेक्र्याई मान्न सकिन्छ । हेलचेक्राई सुनियोजित वा अन्य किसिमको पनि हुनसक्छ ।

**ठ.अपहरण,** कसैले कुनै बालबालिकालाई बल प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई, डर, त्रास देखाई, जोरजुलुम गरी, हातहतियार देखाई, छलकपट गरी, झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायातको साधन कब्जा वा नियन्त्रणमा लिई कुनै ठाउँमा जान बाध्य गराउन वा कुनै बालबालिकालाई निजको मञ्जुरीविना वा बाबुआमा वा संरक्षकको मञ्जुरीबाहेक कुनै ठाउँमा लैजाने कार्य गरे अपहरण गरेको मानिनेछ ।

**ड. संरक्षण प्रणाली** : संरक्षण प्रणाली भन्नाले बालबालिकामाथि भएका दुर्व्यवहार तथा हिंसाको सुनुवाइदेखि लिएर कारवाही चलाउने सम्बन्धमा स्थापित संयन्त्र वा कार्यप्रणालीलाई बुझिन्छ ।

**ढ. मापदण्ड :** मापदण्ड भन्नाले कार्यस्थलमा बालबालिकाको सरक्षण गर्ने उद्देश्यले बनाइएको आचार  संहिता वा कार्य मापदण्डलाई बुझिन्छ ।

## ३.१ नीतिको  लक्ष्य र उद्देश्य

**नीतिको लक्ष्य** : बालबालिकाले सुरक्षित महसुस गरेको र उनीहरूका अभिभावकले पनि यहाँको वातवातारण र कार्यशैली बालबालिका लागि जोखिमरहित छ भन्ने महसुस गर्ने अवस्था सिर्जना गर्नु यो नीतिको मुख्य लक्ष्य हुनेछ ।

यस नीतिका निम्नानुसार उद्देश्यहरू रहनेछन् ।

**३.१.१**.सबै किसिमका शारीरिक, मानसिक, हिंसा, क्षति, दुर्व्यवहार, उपेक्षा, शोषण, यौन दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण प्रदान गर्ने ।

**३.१.२**.बालसंरक्षणका सवालहरूको पहिचान, रोकथाम र सम्बोधनका लागि नगरपालिका स्तरीय नीतिगत मार्गनिर्देश गर्ने ।

**३.१.३**.नगरपालिका क्षेत्रमा रहेका बालवालिकाको संरक्षणका क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरोकार राख्ने संघ/संस्था र निकायहरूलाई बालसंरक्षणको क्षेत्रको काममा समन्वय गर्ने ।

**३.१.४** बाल संरक्षणमा आँच आउने वा संरक्षणमा खतरा पार्ने किसिमको काम कारवाही जनप्रतिनिधि,  कर्मचारी, साझेदार वा आगन्तुक जोकोहीले गरे पनि तिनलाई व्यवस्थित सुनुवाइ प्रक्रियाबाट कारवाही गरी पीडितलाई न्याय भएको महसुस गराउने वातावरण तयार गरिने छ ।

## ३.२ सम्बन्धित कागजादहरू :

यो बाल संरक्षण नीति बालअधिकारमहासन्धि १९८९, नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा बालबालिका सम्बन्धी ऐन २०७५ ले प्रदान गरेका बालबालिकाका अधिकारहरू प्रत्याभूति गर्नका लागि बालबालिका सम्बन्धी ऐन २०७५ ले प्रदान गरेको अधिकार प्रयोग गरी यो बाल संरक्षण नीति २०७६ निर्माण गरी लागू गरिएको हो ।

यो बाल संरक्षण नीति लागू गर्नका लागि बनाइएका मापदण्ड (आचार संहिता) तथा कार्यविधि र निर्देशनहरू यही नीतिको अङ्गका रूपमा रहनेछन् ।

**३.३ लागू हुने क्षेत्र :** योबाल संरक्षण नीति २०७६ यस नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, स्वयम सेवक, सेवाग्राही, अगान्तुकहरू र यस नगरपीलिकासँग अल्पकालीन करार गरी काम गर्ने व्यक्ति संस्था र संगठनमा लागू हुनेछ । त्यसैगरी यस नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालय, मदरसा, बालगृह वा बालसंरक्षण गृहहरूले यही वा यस्तै किसिमको बाल संरक्षण नीति बनाई लागू गर्न सक्नेछन् ।

**३.४ सिद्धान्तहरू** : यो बाल संरक्षण नीति निम्न सिद्धान्तमा आधारित भई कार्यान्वयनमा हुनेछ ।

१. बालबालिकाको सर्वोत्तम हितको सिद्धान्त

२. बालबालिकलाई कुनै पनि किसिमको भेदभाव वा हानीबाट संरक्षण प्रदान गर्ने सिद्धान्त

३. बालसंरक्षणको जोखिम न्यूनीकरणको सिद्धान्त

४. बालसंरक्षणको सवालमा शून्य सहनशीलताको सिद्धान्त

## खण्ड दुई

## नगरपालिकाको अवस्था र बाल संरक्षणका लागि गरेको प्रयास

### ४. नगरपालिकाले बाल संरक्षणका लागि गरेका प्रयासहरू

बराहक्षेत्र नगरपालिकाले बालबालिकाको अधिकार सुनिश्चित गर्नका लागि विगतदेखि नै विभिन्न क्रियाकलापहरू गर्दै आएको छ । विभिन्न संघसंस्थाको माध्यमबाट पनि विभिन्न कार्यक्रमको सहजीकरण भइरहेको छ । अहिलेसम्म यस नगरपालिकामा भएका प्रमुख कार्यहरू निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

- समुदाय र विद्यालय स्तरमा बालक्लब, नगरस्तरमा बालक्लब सञ्जाल गठन भई सञ्चालन भइरहेको
- विद्यालयमा बालमैत्री शिक्षण कार्यक्रम लागू भएको
- परित्यक्त बालबालिका भेटिएमा प्रहरीलाई सिफारिस गरी संरक्षण गर्ने व्यवस्था गर्ने प्रयास भइरहेको
- विद्यालयमा अपाङ्गमैत्री संचना र किशोरीमैत्री शौचालयको व्यवस्था गरिएको
- नगरपालिका र  वडास्तरमा बालबालिका क्षेत्रमा उचित बजेट विनियोजन गरिएको
- नगरपालिका र करुणा फाउण्डेशनको सहकार्यमा अपाङ्गता भएका बालबालिका नजन्मिउन् भन्ने उद्देश्यले नव दम्पतिलाई आइरन चक्की वितरण लगायतका कार्यक्रम सञ्चालन भइरहेको

- अपाङ्गता भएका बालबालिकालाई स्वास्थ्य सेवा र  सहायक सामग्री उपलब्ध गराउने व्यवस्था गरिएको
- बराहक्षेत्र नगरपालिका क्षेत्रका ८४ वटा विद्यालयमा बालविकास केन्द्र सञ्चालनमा रहेको
- लागूपदार्थ दुर्व्यसनमा लाग्न नदिन सचेतना कार्यक्रम प्रहरीसँगको सहकार्यमा सञ्चालन भएको
- बालबालिकाको शारीरिक तथा मानसिक विकासका लागि समय समयमा खेलकुद कार्यक्रम सञ्चालन गरिएको
- बाल बिवाह तथा बाल बिवाह बिरुद्धको सचेतना कार्यक्रम समुदायमा संचालन भइरहेको

**५.बाल संरक्षणका सवाल र चुनौतिहरू**

बराहक्षेत्र नगरपालिकामा बालसंरक्षण सम्बन्धी मुख्य सवाल तथा चुनौतीहरू निम्नानुसार रहेको पाइएको छ।

१. जन्मदर्ताको अधिकारबाट विकट भौगोलिक क्षेत्र र शिक्षाको हिसाबले पछाडि परेको सुमदायका बालबालिका वञ्चित रहेको

२. होटल,ग्यारेज र यातायातका साधनमा बालश्रम

३. लागूपदार्थ, मादक पदार्थ र सूर्तिजन्य पदार्थको लतमा फस्ने गरेको

४. लिङ्ग पहिचान गरी गर्भपतन गराउने

५. बालविवाह

६. बालिका तथा किशोरीहरूलाई जिस्क्याउने

७. अझै पनि लैङ्गिक र जातीय आधारमा भेदभाव हुने गरेको

८. यौन दुर्व्यवहार तथा हिंसा

९. परिवारमा र विद्यालयमा अझै पनि कुटपिट वा यातना छिटपुट मात्रामा हुने गरेको

.खण्ड तीन

## बाल संरक्षण नीति

### ६. नीतिको आवश्यकता

बालबालिकाका लागि अनुकूल स्थानीय तह बनाउने तथा बालबालिकाको लागि हुनसक्ने हानीहरूबाट सुरक्षित हुने अवस्था सिर्जना गर्नका लागि स्थानीय सरकारको रूपमा काम गरिरहेको बराक्षेत्र नगरपालिकाले संरक्षण सम्बन्धी आफनो नीति आवश्यक महसुस गरी यो बालसंरक्षण नीति बनाई लागू गरेको छ । यसबाट आगामी दिनमा आवश्यक निर्देशिका वा मापदण्ड बनाई लागू गर्न आधार बन्नेछ । साथै, यस नगरपालिकाको बालसंरक्षण नीतिलाई मूल नीति मानेर नगरमा सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरू, मदरसाहरू, बालगृहहरूले आफनै बालसंरक्षण नीति तथा मापदण्ड बनाई लागू गर्न आधार प्रदान गर्नेछ ।

### ७. बालसंरक्षण नीति तथा रणनीतिहरू

**नीति १ : शतप्रतिशत बालबालिकाको जन्मदर्ता भएको सुनिश्चित गर्ने ।**

**१.१ रणनीतिहरू:**

१. जन्मदर्तालाई निःशुल्क र अनिवार्य गर्ने ।

२. जन्मदर्ताको अभिलेखलाई नमासिने गरी दुरूस्त राख्ने र सकेसम्म एकीकृत सूचना प्रणाली (MIS) मा जन्मदर्ताको अभिलेख राख्ने व्यवस्था गर्ने,

**नीति २ : प्रत्येक बालबालिकाको उचित हेरचाह भएको सुनिश्चित गर्ने ।**

**२.१ रणनीतिहरू :**

१. आमाबाबु दुवै वा एकजना भएका बालबालिकाको हेरचाह परिवारमा नै सुनिश्चित गर्ने ।

२. आफ्नो क्षेत्रमा अलपत्र भई फेला परेका बालबालिकाको आमाबाबुको खोजी गर्ने, आमाबाबु नपाइएमा मात्र वैकल्पिक हेरचाहमा पठाउने व्यवस्था गर्ने ।

३. आफ्ना आमाबाबु नभएका बालबालिकालाई मात्र वैकल्पिक हेरचाहको व्यवस्था मिलाउने ।

**नीति ३ : बालश्रमको अन्त्य गर्ने ।**

**३.१ रणनीतिहरू:**

१. १४ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई श्रमिकका रुपमा काम गर्न नदिने ।

२. १५ देखि १८ वर्षका बालबालिकालाई सकेसम्म शिक्षामा निरन्तरता गर्न लगाउने, आवश्यकता भएमा मात्र जोखिम रहित काममा आंशिक रूपमा श्रममा संलग्न हुने व्यवस्था गर्ने ।

३. सबै बालबालिकालाई श्रम गर्ने परिस्थितिबाट मुक्त राख्ने र शिक्षा अध्ययनमा निरन्तरता दिने ।

**नीति ४ : बाल विवाह अन्त्य गर्ने ।**

**४.१ रणनीतिहरू:**

१. बालविवाह विरुद्ध चेतना जगाउने ।

२. बालविवाह विरुद्ध सामाजिक अभियान चलाउने, सम्बन्धित संस्था तथा व्यक्तिलाई परिचालन गर्ने ।

३. बालविवाह अनुगमन, रोकथाम र उद्धार कार्य गर्ने ।

४. बालविवाह गर्ने र गराउने विरुद्ध कानूनी कारबाही गर्ने ।

**नीति ५ : बालबालिकाविरूद्ध हुने शारीरिक तथा मानसिक दण्ड सजाय अन्त्य गर्ने ।**

**५.१ रणनीतिहरू:**

१. शारीरिक तथा मानसिक दण्ड सजायको नकारात्मक प्रभावका बारेमा सचेतना अभिवृद्धि गर्ने ।

२. सकारात्मक सिकाइ पद्धति (सकारात्मक अभिभावकत्व, सकारात्मक वा भयरहित सिकाइ) विकास गर्ने ।

३. विद्यालयमा शारीरिक दण्ड रोकथाम गर्न गुनासो सुनवाइ प्रणालीलाई व्यवस्थित गर्ने ।

**नीति ६ : शोषण र दुर्व्यवहार अन्त्य गर्ने ।**

**६.१ रणनीतिहरू:**

१. दुर्व्यवहारविरुद्ध सचेतना अभिवृद्धि गर्ने ।

२. बालबालिकामा आफूविरूद्ध हुने वा हुनसक्ने शोषण तथा दुर्व्यवहारविरूद्ध प्रतिकार गर्नसक्ने सीप तथा क्षमता विकास गर्ने ।

३. शिक्षण संस्था, स्वास्थ्य केन्द्र जस्ता बालबालिकाको प्रतयक्ष सम्पर्कमा आउने सेवा प्रदायकको यौनशोषण तथा दुर्व्यवहारको लक्षण पहिचान गर्ने तथा उजुरी गर्ने क्षमता अभिवृद्धि गरी उजुरी प्रणाली स्थापना गर्ने ।

४. उजुरी प्रक्रियालाई बालमैत्री बनाउन पहल गर्ने ।

**नीति ७ : विपदको परिस्थितिमा बालबालिकाको संरक्षणलाई प्राथमिकता दिएर कार्य गर्ने।**

**७.१ रणनीतिहरू:**

१. विपद प्रभावित बालबालिकाको लागि उद्धार, तत्काल खाना, बसोबास तथा लत्ताकपडाको व्यवस्था मिलाउने,

२. गाउँपालिकामा विपद व्यवस्थापन कोष स्थापना गर्ने,

३. विपद व्यवस्थापन सम्बन्धी कार्ययोजना तर्जुमा गरी पारित गर्ने । योजना तर्जुमा गर्दा त्यस परिस्थितिमा आउनसक्ने संरक्षणको जोखिम आँकलन गरी योजना, संयन्त्र तथा कार्ययोजना तय गर्ने,

४. विपदको पूर्व तयारी तथा व्यवस्थापनको कार्ययोजना तथा कार्ययोजना तर्जुमा प्रक्रियामा बालबालिकासँग परामर्श गरी उनीहरूको प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित गर्ने ।

**नीति ८ : मनोविमर्श सेवाको व्यवस्था गर्ने ।**

**८.१ रणनीतिहरू**

१. मनोविमर्श आवश्यकता भएका बालबालिकाका निमित्त मनोविमर्श सेवाको व्यवस्था गर्ने ।

२. आवश्यकता भएका बालबालिकालाई मनोविमर्श सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

३. मनोविमर्श वा मनोसामाजिक परामर्शकर्ताहरू उत्पादन गर्ने व्यवस्था मिलाउने

**नीति ९ : बालबालिकाको सहभागिता प्रवर्द्धन गर्ने**

**९.१ रणनीतिहरू:**

१. बालसंरक्षणसँग सम्बन्धित विषयहरूमा बालबालिकालाई चेतना जगाउने र उनीहरूलाई सहयोग गर्नका निमित्त बालक्लब वा बालबालिकाको समूहसँग सहकार्य गर्ने, उनीहरूको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने,

२. बालसंरक्षणसँग सम्बन्धित सूचना बालबालिकाको सुरक्षामा खतरा नहुने गरी गाउँपालिका वा सम्बन्धित निकायसम्म पुऱ्याउने व्यवस्था गर्ने,

**नीति १० : स्थानीय बालसंरक्षण प्रणालीलाई सुदृढ गर्ने ।**

**१०.१ रणनीतिहरू:**

१. बालबालिकासम्बन्धी ऐन, २०७५ बमोजिम बालकोषको स्थापना, बालअधिकार समितिको गठन र कार्यक्षेत्र निर्धारण, बालकल्याण अधिकारीको व्यवस्थापन समेतका

निमित्त आवश्यक कानून तर्जुमा गर्ने, प्रत्यायोजित विधायन अन्तर्गत नियमावली, निर्देशिका वा कार्ययोजनाहरू बनाउने,

२. बालबालिकाको निमित्त गाउँपालिका स्तरमा बालअधिकार समिति बनाउने, वडास्तरमा पनि बालअधिकार समिति बनाउने । यस समितिहरूसँग समानान्तर हुने गरी अन्यसंयन्त्र वा समिति नबनाउने । आवश्यकता बमोजिम यिनै समितिका उपसमितिहरू मात्र बनाउने,

२. बालसंरक्षणको अवस्थामा सुधार ल्याउन आवश्यक कर्मचारीको व्यवस्था गर्ने । बालअधिकार समितिमा, न्यायिक समितिका निम्ति सहयोगी कर्मचारीको व्यवस्था गर्ने र बालकल्याण अधिकारीको नियुक्ति वा व्यवस्था गर्ने,

३. बालसंरक्षणका विभिन्न सवालमा यथेष्ट सूचना तथा तथ्याङ्क सङ्कलन र कार्यक्रम तर्जुमा गर्न सूचनाको प्रयोग गर्ने,

४. स्थानीय स्तरमा समेत बालसंरक्षणको निम्ति स्रोत परिचालन गर्ने । बालकोषको स्थापना र सञ्चालन गर्ने ।

**नीति ११ : बालसंरक्षण मापदण्ड बनाई लागू गर्ने**

**११.१ रणनीति**

१. नगरपालिकाले आफ्ना लागि बालसंरक्षण मापदण्ड (आचारसंहिता)बनाई लागू गर्ने ।

२. नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्रका बालबालिकासँग प्रत्यक्ष काम गर्ने सबै सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाहरूलाई अनुसूची बमोजिमको बालसंरक्षण मापदण्ड बनाई लागू गर्न सहयोग गर्ने ।

३. नगरपालिकाको र नगरपालिका क्षेत्रभित्रका विद्यालय, सार्वजनिक निकाय तथा बालबालिकासँग काम गर्ने निजी क्षेत्र एवं सामाजिक संस्थाहरूले बनाएको बालसंरक्षण मापदण्ड (बालसंरक्षण आचार संहिता सहित) को कार्यान्वयनको अवस्थाको नियमित अनुगमन गर्ने/गराउने ।

**नीति १२: बालबालिका दुर्घटनामा पर्नसक्ने जोखिम न्यूनीकरण गर्ने**

**१२.१ रणनीति**

१. बालबालिकालाई सुरक्षा प्रदान गर्ने वा दुर्घटनाबाट जोगाउनका निमित्त सावधानीका उपायहरू अवलम्बन गर्ने,

२. निर्माण व्यवसायीहरूलाई सडक वा अन्य संरचना बनाउँदा दुर्घटना न्यूनीकरणका वा दुर्घटनाबाट जोगाउने उपाहरू बारे सचेत गराउने ।

**नीति १३ बालबालिकालाई अनलाइन सेवाको दुष्प्रभावबाट जोगाउने**

**१३.१ रणनीति**

१. विद्यालय तथा शिक्षण संस्थासँगको सहकार्यमा विद्यालयभित्र मोबाइल फोनको प्रयोगलाई नियमन गर्ने, शैक्षिक प्रयोजन बाहेक अन्य अवस्थामा मोबाइल फोनको प्रयोग निषेध गर्ने ।

२. अत्यधिक इन्टरनेट, अनलाइन् सेवा वा फोनको प्रयोगको दुष्प्रभावका बारेमा सचेतना दिने, समस्यामा परेकालाई परामर्श सेवा उपलब्ध गराउने ।

३. इन्टरनेटको प्रयोग कम गर्ने सम्बन्धमा भएका राम्रा कार्यहरूका बारेमा बताउने ।

४. बालक तथा बालिकालाई शारीरिक खेल खेलाउन प्रोत्साहन गर्ने ।

**नीति १४: बालबालिकाबीच हुने भेदभाव अन्त्य गर्ने ।**

**१४.१ रणनीति**

१. बालबालिकालाई विद्यालय पठाऔं, शिक्षाबाट बञ्चित नगराऔं (बेटी बचाउ, बेटी पढाउ) भन्ने अभियान सञ्चालन गर्ने ।

२. अपाङ्गता भएका बालबालिकालाई विद्यालय पठाउन वा ल्याउनका लागि बालबालिका, परिवार तथा विद्यालयलाई तयार गर्ने वा वातावरण बनाउने ।

३. विद्यालय वा समाजमा सबै हुने सबै किसिमका भेदभावलाई अन्त्य गर्नका निमित्त चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

**नीति १५ सूर्तिजन्य पदार्थ, मद्यपान तथा लागूपदार्थको प्रयोगलाई निषेधित गर्ने**

**१५.१ रणनीति**

१. सार्वजनिक स्थलमा सूर्तिजन्य पदार्थको प्रयोग र मद्यपान नगर्नका लागि प्रचारप्रसार गर्ने ।

२. सूर्तिजन्य पदार्थसम्बन्धी ऐन, २०६८ बमोजिम बालबालिकालाई किन्न वा वेच्न नपाउने कुरा प्रत्येक पसलमा लेख्न लगाउने ।

३. विद्यालय तथा स्वास्थ्य संस्था वरपर सूर्तिजन्य पदार्थ तथा मदिरा बेच्न नपाउने व्यवस्था गर्ने ।

४. सूर्तिजन्य पदार्थसम्बन्धी ऐन, २०६८ तथा अनुगमन गर्ने निकायलाई सक्रिय पार्ने र त्यसलाई बजार अनुगमन प्रणालीसँग जोड्ने ।

५. उद्योगी तथा व्यवसायीलाई जिम्मेवार बनाउन उद्योग वाणिज्य संघ लगायतसँग समन्वय गर्ने ।

६. सूर्तिजन्य पदार्थ र मद्यपानमा बालबालिकालाई प्रयोग गरेमा कारवाही गर्ने र असल अभ्यास गर्नेलाई पुरस्कृत गर्ने व्यवस्था गर्ने ।

**८.कार्यक्रमहरू :**

- बालसंरक्षण सम्बन्धी सूचनाहरूको व्यवस्थापन
- बाल अधिकार तथा बाल संरक्षणका विषयमा सचेतना अभिवृद्धि
- विद्यालयमा आधारित संयन्त्रहरू जस्तै बालक्लब, विद्यालय ब्यवस्थापन समिति, शिक्षकअभिभावक संघ, संरक्षक शिक्षक आदिलाई क्षमता अभिवृद्धि तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू ।
- नगरपालिका स्तरमा स्वास्थ्य तथा सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम
- बालक्लबहरूको परिचालन
- बालविवाह विरुद्ध अभियान सञ्चालन
- विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना कार्यक्रम
- बालबालिकालाई मनोसामाजिक परामर्श कार्यक्रम
- बालबालिका विरूद्ध हुने सबैकिसिमका हिंसा विरूद्धको अभियान
- बालसंरक्षणका लागि आकाश्मिक कोषको स्थापना
- उजुरीपेटीका तथा गुनासो ब्यवस्थापन समिति गठन र कार्यान्वन
- बालसंरक्षण अधिकारी वा संरक्षक शिक्षकको ब्यवस्था
- कार्ययोजना अनुसारको बजेट विनियोजन गरी अगाडि बढने

## खण्ड चार

## बाल संरक्षण नीति कार्यान्वयन विधि र संयन्त्र

### ९.गुनासो सुनुवाइ समिति

बराहक्षेत्र नगरपालिकामा बालबालिकाले आफू कुनै कारणबस असुरक्षित अवस्थामा रहेको वा आफनो अधिकार माथि कतैबाट प्रतिकूल व्यवहार भएको महसुस गरेमा गोप्य रूपमा उजुरी गर्नका लागि एक सुझाव पेटिकाको व्यवस्था गरिने छ । त्यसमा पीडित बालबालिका, तिनको अभिभावक वा संरक्षकले आफना गुनासो लेखेर गोप्य रूपमा खसाल्ने व्यवस्था मिलाइने छ ।

साथै, नगरपालिकाले बाल संरक्षणका मुद्दाहरु सम्बोधन गर्न र सुझाव पेटिकामा प्राप्त भएका गुनासो वा सुझाब सुनुवाइ गर्न एक गुनासो सुनुवाइ समिति गठन गरिनेछ ।

गुनासो सुनुवाइ समितिको संयोजक नगरपालिकाका उपप्रमुख वा निजले तोकेको नगरकार्यपालिका सदस्य हुनेछन् । समितिमा एक जना कर्मचारी, एकजना महिला जनप्रतिनिधि तथा दुईजना बालक्लब सञ्जालका प्रतिनिधिहरूलाई राखिनेछ । यस कमिटिको बैठक सामान्यतया तीन महिनामा एक पटक वा आवश्यकता अनुसार त्यो भन्दा बढी पटक बसी आएका गुनासोहरू अध्ययन गरी सम्बोधनका लागि पहल गर्नेछ ।

## १० गुनासो सुनुवाइ प्रक्रिया :

उजुरी वा गुनासो प्राप्त भएपछि गुनासो सुनुवाइ समितिको बैठक बसी समस्याको सुनुवाइ गर्नु पर्नेछ । उजुरी सुनुवाइ गर्ने समितिले बालबालिकाको गोपनीयता र सामाजिक मर्यादा समेतलाई ख्याल गरी समस्या समाधानको प्रयास गर्नेछ । यस समितिको कार्यविधिबाट पीडित बालक वा बालिकाले न्याय पाएको महसुस गर्ने अवस्था बनाउनुपर्ने छ । यस समितिबाट सुनुवाइ पूरा गर्न नमिल्ने र कानुनी कारवाही नै चलाउनुपर्ने अवस्था रहेछ भने कानुनी कारवाही अगाडि बढाउन बालअधिकार समितिमार्फत सम्बन्धित निकायमा सिफारिस गर्नेछ ।

## ११. संस्थागत व्यवस्था र क्षमता विकास

बालसंरक्षण नीतिको कार्यान्वयनको अवस्थाबारे सरोकारवालाहरू (स्वयम् बालबालिका समेत)सँग नियमित अन्तरक्रिया गरिनेछ । समय समयमा बालसंरक्षणका सवालका विषयमा छलफल कार्यक्रमहरू आयोजना गरिनेछ । यस्ता कार्यलाई निरुत्साहित गर्न बालक्लब, बालक्लब सञ्जाल, बालअधिकार समिति तथा स्थानीय स्तरमा रहेका बालसंरक्षण संयन्त्रलाई सक्रिय बनाइने छ । सामुदायिक तथा संस्थागत विद्यालय, मदरसा तथा बालगृह जस्ता बालबालिकासँग प्रत्यक्ष सरोकर राख्ने संस्था वा निकायमा बाल संरक्षण नीति लागू गर्न तथा गुनासो सुनुवाइ गर्न गुनासो सुनुवाइ समिति सक्रिय गराउने तथा नीति लागू गर्नका लागि समय समयमा तालिम दिई उनीहरूको क्षमता विकास गरिनेछ ।

## १२. बाल संरक्षण नीतिको कार्यान्वयनको प्रक्रिया

यस नगरपालिकाले बालसंरक्षण नीति जारी गरी आवश्यक संयन्त्र निर्माण गरेपश्चात नगरपालिका क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालय, मदरसाका प्रधानाध्यापक तथा प्राचार्यहरूलाई तथा अनाथआश्रम वा बालगृह सञ्चालकहरूलाई तालिम दिइनेछ । प्रत्येक बालबालिका तथा तिनका अभिभावकसम्म चेतना जगाउनका लागि व्यापक प्रचारप्रसार गरिने छ । त्यस्तै स्थानीय तह, गैससबाट सञ्चालन गरिने कार्यक्रम बीच समन्वय गरी बालसंरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

बालसंरक्षण नीतिका बारेमा बालबालिका, अभिभावक, शिक्षक, बालक्लब तथा अन्य सरोकारवालाहरूलाई तालिम तथा अभिमुखीकरण गरिने छ ।

## खण्ड पाँच

## अनुगमन र पुनरावलोकन

### १३. अनुगमन र मूल्याङ्कन

यस नीतिको अनुगमन, मूल्यांकनको कार्य बालअधिकार समितिले गर्नेछ । स्थानीय बालअधिकार समितिबाट वार्षिक रूपमा प्रदेशस्तरको बालअधिकार समितिमा पेश हुने प्रतिवेदनमा बालसंरक्षणका विषयहरूमा स्थानीय व्यवस्थापिका, कार्यपालिका तथा बालअधिकार समितिमार्फत भएका कार्यहरू, न्यायिक समितिमा आएका बालबालिकासँग सम्बन्धित उजुरी, त्यसउपर भएको निर्णय, त्यसको कार्यान्वयनको स्थिति समेत समावेश गरिनेछ ।

बालसंरक्षण नीति कार्यान्वयनको अनुगमन बाल अधिकार समितिले कार्ययोजना बनाई आवधिक रूपमा गर्नेछ । बाल अधिकार समितिले आवश्यक ठानेमा छुट्टै अनुगमन तथा मूल्यांकन समिति बनाई त्यस समितिमार्फत बालसंरक्षण नीति कार्यान्वयनको अनुगमन मूल्याङ्कन गर्नसक्नेछ ।

### १४. नीतिको पुनरावलोकन र सुधार

यस बालसंरक्षण नीतिलाई कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपयोगिताको आधारमा मूल्याङ्कन गरी समसामयिक पुनरावलोकन तथा सुधार गरिनेछ । बालसंरक्षण नीति कार्यान्वयनका सवालमा सम्बन्धित सरोकारवालाहरूबाट आएका सुझाव, गुनासाहरूलाई समेत मूल्याङ्कनमा समावेश गरिनेछ । यसरी प्राप्त सुझाव सल्लाहका आधारमा नीतिमा समय सान्दर्भिक परिमार्जन तथा संशोधन गरिनेछ । संशोधित बालसंरक्षण नीति नगर कार्यपालिकाले अनुमोदन गरेपछि मात्र लागू हुनेछ ।

### १५. खारेजी र बचाउः

परिमार्जित बाल संरक्षण नीति लागू भएपछि साविक बालसंरक्षण नीति स्वतः खारेज हुनेछ । तर, साविक बालसंरक्षण नीतिका आधारमा गरिएका कार्यहरू पनि परिमार्जित बालसंरक्षण नीतिकै आधारमा भए/गरेको मानिनेछ ।

**प्रमाणित गर्ने**

दस्तखत :

नाम थर : मनु कुमार लिम्बु (सुब्बा)

दर्जा : नि.प्रमुख प्रशासकीय अधिकृत

पृष्ठ संख्या : १३

मिति :

कार्यालयको छाप :